# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/१४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---------------------------------------------------

रसुवा जिल्ला नौकुण्ड गाउँपालिका वडा नं १ र २ वडा कार्यालयका सचिव राजेन्द्र कुमार आचार्य र सहायक कर्मचारी श्लोक लामाले सेवाग्राहीसंग केरुङ्ग नाकाबाट चीन प्रवेशका लागि अध्यागमन कार्यालय, रसुवाबाट प्रवेश अनुमति पत्र लिने प्रयोजनका लागि सिफारिस दिने सिलसिलामा विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट खटिई गएको टोलीले वडा सचिव राजेन्द्र कुमार आचार्यलाई रु.१,३०,०००।- (एक लाख तीस हजार) र कार्यालय सहायक श्लोक लामालाई रु. ३,२०,०००।- (तीन लाख बिस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा, वडा सचिव राजेन्द्र कुमार आचार्यलाई रु.१,३०,०००।- (एक लाख तीस हजार) र सहायक कर्मचारी श्लोक लामालाई रु. ३,२०,०००।- (तीन लाख बिस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता